मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख २ गते बुधबार ❑ 15 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## नयाँवर्षमा मस्त झुम्यो पोखरा

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

नयाँ वर्ष २०८३ को स्वागतसँगै पर्यटकीय राजधानी पोखरा यतिबेला मस्त झुमिरहेको छ।

नयाँवर्षको छेको पारेर लेकसाइडमा आयोजना गरिएको फेवा नयाँवर्ष महोत्सवले बेग्लै रौनक ल्याएको छ । रङ्गीचङ्गी तुल, ध्वजापतका र प्रवेशद्वारले पोखराको लेकसाइड क्षेत्र सिँगारिएको छ । नयाँवर्ष मनाउन पोखरा आएका पर्यटकले यहाँका होटल भरिभराउ छन् ।

लेकसाइड क्षेत्री पसल र रेष्टुराँबाट निस्कने सङ्गीतको मधुर धुनसँगै आगन्तुकहरू ओहोरदोहोर गरिरहेका देखिन्छन्। सडक छेउछाउ राखिएका व्यावसायिक कक्षमा किनमेल गर्नेको भीड छ। मौलिक झाँकी, नृत्यदेखि साङ्गीतिक 'कन्सर्ट'मा पर्यटक झुमिरहेका छन् । आइतबारदेखि सुरु भएको महोत्सव आज मधयरातसम्म चल्नेछ । आयोजक होटल सङ्घ पोखरामा अध्यक्ष लक्ष्मण सुवेदीले २१औँ संस्करणको महोत्सव आयोजना भइरहेको बताउनुभयो। तीन दिनसम्म दसौँ हजार पर्यटकले महोत्सव अवलोकन गर्ने उहाँको भनाइ छ । नयाँ वर्ष मनाउने गन्तव्यका रूपमा फेवा महोत्सव स्थापित भइरहेको अध्यक्ष सुवेदीले बताउनुभयो। महोत्सवमा संस्कृति



संरक्षण, मनोरञ्जनसँगै व्यवसाय प्रवर्द्धनका गतिविधि सञ्चालन गरिएको उहाँको भनाइ छ । लेकसाइडको हलनचोकदेखि ड्यामसाइडसम्म करिब तीन किलोमिटर सडक क्षेत्रमा महोत्सव आयोजना भइरहेको हो। 'पर्यटन, संस्कृति र खाना' नारा दिइएको महोत्सवमा विभिन्न सांस्कृतिक कार्यक्रम, खाना प्रदर्शनीलगायत सडकमै राखिएको छ। सबै उमेर समूहका पर्यटकलाई लक्षित गरी विविध मनोरञ्जनात्मक गतिविधि सञ्चालन गरिएको छ। पर्यटकीय याम पनि चलिरहेकाले यतिबेला पोखरामा विदेशी पर्यटकहरूको पनि चहलपहल बढेको छ । महोत्सवस्थलमा नेपाली पञ्चेबाजा र गीतसङ्गीतमा विदेशीहरू पनि नाच्दै, रमाउँदै गरेका देखिन्छन् । विश्व पर्यटन बजारमा चिनिएको पोखरा पछिल्लो समय नयाँ वर्षको गन्तव्यका रूपमा स्थापित भएको छ । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले यस्ता मेलामहोत्सवले पोखराको पर्यटकीय गतिविधिलाई चलायमान बनाउने बताउनुभयो । उहाँले स्थानीय अर्थतन्त्र उकास्न र व्यवसायीहरूको मनोबल बढाउन पनि मेला-महोत्सव आयोजना भइरहनुपर्ने धारणा राख्नुभयो । पोखरामा हुने यस्ता गतिविधिले यहाँको पर्यटनलाई प्रवर्द्धन गर्ने, आर्थिक अवसर सिर्जना हुने विश्वास लिइएको छ। नयाँ वर्षका दिन फेवातालमा रहेको ताल बाराही मन्दिरमा पनि भक्तजन र पर्यटकको भीड लागेको मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष परशुराम शर्मा पहारीले बताउनुभयो। "नयाँ वर्षमा देवी भगवतीको दर्शन गर्नाले मनोकामना पूरा हुन् र वर्षभरि कुनै दुःखकष्ट नपर्ने जनविश्वास रहेको छ", उहाँले भन्नुभयो, "आज बिहान ६:०० बजेदेखि नै ताल बाराहीमा भक्तजनको घुइँचो लागेको छ।"

यसैगरी नेपाली नयाँ वर्ष मनाउन आउने पर्यटकका कारण पोखराको लेकसाइड क्षेत्रमा होटेल क्षमताको ९० प्रतिशत बढी भरिभराउ भएका छन् । नेपाली नयाँ वर्ष मनाउनका लागि देशका विभिन्न स्थानबाट पोखरामा आएका पर्यटकले होटेल भरिभराउ भएको होटेल सङ्घ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो । नेपाली नयाँ वर्षकै अवसरमा सङ्घले सञ्चालन गर्दै आएको फेवा नव वर्ष महोत्सवको २१औँ संस्करणका कारण पनि पोखरामा पर्यटकको आगमन बढाएको उहाँले बताउनुभयो।

प्रकृति, संस्कृति र साहसिक पर्यटनका कारण चासो र चर्चा कमाएको पोखरालाई पर्यटन राजधानी घोषणा गरिनुका साथै यसको प्रवर्द्धनमा निरन्तर गरिएका प्रयाससँगै पर्यटकको आगमन पनि बढ्दो क्रममा रहेको पर्यटन व्यवसायी बताउँछन् । पोखरा क्षेत्रमा कुल एक हजार २०० होटेल रहेकामा प्रत्येक दिन ४० हजारसम्म पर्यटक राख्न सकिने अध्यक्ष सुवेदीले बताउनुभयो।

## पोखरामा अन्तर्राष्ट्रिय विमानस्थलबाट निःशुल्क बस सेवा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

नेपाली नयाँ वर्ष २०८३ को अवसरमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलदेखि अमरसिंह चोकसम्म निःशुल्क इलेक्ट्रिक सटल बस सेवा सञ्चालनमा आएको छ।

पोखरा महानगरपालिकाको पहलमा विभिन्न वित्तीय संस्था तथा यातायात व्यवसायीहरूको सहकार्यमा मंगलबारदेखि उक्त सेवा सुरु भएको महानगरले जनाएको छ । उक्त बस सेवाको एक कार्यक्रमका बिच उद्घाटन गर्दै पोखरा महानगरका मेयर धनराज आचार्यले पाइलट परियोजनाका रूपमा आगामी असार मसान्तसम्म सेवा पूर्ण रूपमा निःशुल्क उपलब्ध गराइने भएको बताउनु भयो । यसपछि भने न्यूनतम शुल्कमा सेवा निरन्तर सञ्चालन गर्ने योजना रहेको उहाँले जनाउनु भयो । काठमाडौंदेखि पोखरा आउँदा वा विमानस्थलबाट लेकसाइडसम्म पुग्दा महँगो ट्याक्सी भाडाबारे गुनासो बढेपछि त्यसको विकल्पका रूपमा यो सेवा ल्याइएको मेयर आचार्यको भनाई छ। अत्याधुनिक सुविधा सहितका ३२ सिटे इलेक्ट्रिक बसमा यात्रुका लागि आरामदायी सिटसँगै लगेज व्यवस्थापनको सुविधा पनि उपलब्ध रहेको छ। बिहान ६ बजेदेखि राति १० :०० बजेसम्म दैनिक दुई वटा बसले निरन्तर सटल सेवा दिने



व्यवस्था मिलाइएको छ। उक्त बसको मुल्य १ करोड २५ लाख रुपैयाँ रहेको छ। यसैबीच, मेयर धनराज आचार्यले पोखरामा वातावरणमैत्री यातायात विस्तार गर्न व्यवसायीहरूलाई इलेक्ट्रिक बस सञ्चालनमा ल्याउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो" महानगरले सुरु गरेको सटल बस सेवा केवल यात्रु सुविधा मात्र नभई पोखरामा इलेक्ट्रिक सवारी प्रवर्द्धन गर्ने सन्देश पनि हो, अब हामीले इलेक्ट्रिक सवारी साधनलाई प्रमोशन गर्नुपर्छ ।" यातायात क्षेत्रका सरोकारवालासँग छलफल गरेर निर्णय गरिएको यस परियोजनाले पोखरालाई स्वच्छ र दिगो शहर बनाउने अभियानमा सहयोग पुग्ने महानगरले विश्वास गरेको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवि शर्माले यातायात क्षेत्र मानव जीवनको रंक्तसंचार जस्तै रहेको उल्लेख गर्दै उक्त अभियानको सुरुवात हुनु निकै राम्रो भएको बताउनु भयो। आत्मनिर्भरता बढाउन र वातावरणमैत्रि अभियानमा उक्त बस सेवाले थप टेवा पुग्ने उहाँले जनाउनु भयो।

पोखरा अन्तराष्ट्रिय विमानस्थलका प्रमुख जसोदा रेग्मीले निकै चाप हुदा दैनिक ५ हजार अन्य समयमा दैनिक ३ हजार जना ओहोर दोहोर हुने उहाँले जनाउनु भयो। विमानस्थल देखि अम्मरसिंहचोकसम्म भन्दा पृथ्वीचोकसम्म उक्त सेवा दिन उहाँले सुझाव दिनुभयो । महानगरका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालका अनुसार नयाँ वर्षकै दिन विमानस्थलमा एक समारोहका बीच सेवाको औपचारिक उद्घाटनसंगै सिटिमा परिक्षण समेत गरिएको छ।

उक्त अभियानका साझेदारी संस्था महानगर यातायाता प्रा.लि.का अध्यक्ष सन्तोष खतिवडाले देशकै उर्जामा आत्मनिर्भर हुनु पर्छ पानी बाट उत्पादन भएको विश्वकै सबै भन्दा सस्तो बिद्युतको खपत गर्न पनि पोखरा जस्ता शहरमा इभि सवारी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## समाजसेवामा सक्रिय अध्यक्ष योगेन्द्रमान श्रेष्ठ पुनः चयन

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

पोखरा वडा नं १३ विपि मार्गका योगेन्द्रमान श्रेष्ठ सानै उमेरदेखि नै समाजप्रति जिम्मेवार र सक्रिय व्यक्तित्वका रूपमा परिचित छन् ।

बाल्यकालमै क्लव, पुस्तकालय जस्ता सामाजिक गतिविधिमा रुचि देखाएका उनी आफैंले चौतारी निर्माणमा समेत हातेमालो गर्ने गर्थे । यही सामाजिक चेतना र सक्रियताले उनलाई आज समुदायका विश्वासिला अगुवाका रूपमा स्थापित गरेको छ । रोजगारीको सिलसिलामा सात वर्ष जापान बसाइँ बिताएपछि स्वदेश फर्किएका श्रेष्ठ पुनः समाजसेवामा अझ सशक्त रूपमा होमिए । समाजका लागि केही गर्ने अठोट बोकेका श्रेष्ठले २०५२ सालमा श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिमा प्रवेश गरे । सोही वर्ष भदौ २४ गते सम्पन्न पहिलो अधिवेशनबाट सचिव पद सम्हाल्दै उनले आफ्नो नेतृत्व यात्रा सुरु गरेका थिए । पाँच सय रुपैयाँ तिरेर आजीवन सदस्य बनेका श्रेष्ठले निरन्तर रूपमा २०७८ सालसम्म सचिव पदमा रहँदै मन्दिर निर्माण र विकासमा महत्वपूर्ण योगदान दिइरहेका छन् । उनको सक्रियता र समर्पणकै कारण स्थानीय विकासप्रेमी, समाजसेवी तथा




विभिन्न राजनीतिक व्यक्तिहरूको सहयोग जुट्दै गयो । परिणामस्वरूप, मन्दिर आज आफ्नै खुट्टामा उभिन सफल भएकोमा श्रेष्ठ गर्वका साथ खुशी व्यक्त गरे पोखरापत्र दैनिक सँग । २०७८ सालमा अध्यक्ष पदमा निर्वाचित भएपछि उनले आफ्नो जिम्मेवारी अझ व्यापक बनाए। मन्दिर परिसरको विकाससँगै माछापोखरी पार्कको निर्माण तथा व्यवस्थापनमा समेत उनी लगायत उनको टिम दिनरात खटिरहेका छन् । उनको नेतृत्वमा क्षेत्रको धार्मिक तथा पर्यटकीय महत्व थप उजागर हुँदै गएको छ। श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिको १९औं वार्षिक साधारणसभा तथा १०औं अधिवेशन शनिबार सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ । अधिवेशनले आगामी कार्यकालका लागि पुनः योगेन्द्रमान श्रेष्ठको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति सर्वसम्मत् रूपमा चयन गर्दै संस्थाको नेतृत्वलाई निरन्तरता दिएको छ । समितिको सोमवार वसेको बैठकले पनु उपाध्यक्षमा गमबहादुर गुरुङ, सचिवमा राजेन्द्र भण्डारी, पुन कोषाध्यक्षमा वीरबहादुर थापालाई चयन गरेको छ । त्यसैगरी सहसचिवमा दीपेन्द्रराज बस्ताकोटी र सदस्यहरूमा क्रमश रामप्रसाद सिग्देल, हरिश्चन्द्र आचार्य, लालबहादुर नेपाली र धर्मराज पौडेल अल्पायु रहेका छन्। निर्वाचित भइसकेपछि गर्दै अध्यक्ष श्रेष्ठले मन्दिरको समग्र विकासका लागि दीर्घकालीन गुरुयोजना तयार भइसकेको जानकारी गराए। "हाम्रो लक्ष्य मन्दिरलाई धार्मिक मात्र नभई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्नु हो," योगेन्द्रमानले स्पष्ट पारे ।

कार्यक्रममा बोल्दै पोखरा वडा नं १२ का वडाध्यक्ष सन्तोष बास्तोलाले मन्दिरको विकाससँगै यसको सांस्कृतिक मौलिकता जोगाउनुपर्नेमा जोड दिए । पोखरा वडा नं १३ का वडाध्यक्ष किरण बरालले मन्दिर संरक्षण महानगरपालिकाको तर्फबाट आवश्यक सहयोगका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले भद्रकाली क्षेत्रको पुरातात्विक महत्वलाई ध्यानमा राख्दै योजनाबद्ध संरक्षण आवश्यक रहेको धारणा राखे । मन्दिर समितिका निवर्तमान अध्यक्ष टीकाबहादुर कार्कीले मन्दिरलाई स्थानीयको सामाजिक पहिचानका रूपमा स्थापित गर्न सबैको साझा जिम्मेवारी हुने बताए । त्यसैगरी सल्लाहकार बजिरमान श्रेष्ठले पर्यटक आकर्षणका लागि आधुनिक र सुविधा सम्पन्न पूर्वाधार विकासमा जोड दिए । सल्लाहकार मीन गुरुङले आर्थिक व्यवस्थापनलाई सुदृढ बनाउँदै सेवाको गुणस्तर अभिवृद्धिमा ध्यान दिन अनुरोध गरे।

सोही कार्यक्रममा अध्यक्ष श्रेष्ठको प्रतिवेदन, सचिव शान्तकुमार श्रेष्ठले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष वीरबहादुर थापाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । जसलाई साधारणसभाले सर्वसम्मत् रूपमा पारित गरेको छ । कार्यक्रममा उपाध्यक्ष गमबहादुर गुरुङले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रम सञ्चालन सचिव शान्तकुमार श्रेष्ठले गरेका थिए। सोही कार्यक्रमम समाजवेवी विष्णु सापकोटाले मन्दिरका देवी देवताको वारेमा मिठो कविता वाचन गरिन्।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# महोत्सवमा आलु किन्नेको घुइँचो

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख



१४ औं राष्ट्रिय हेमजा आलु महोत्सव मध्यतिर आइरहदाँ त्यहाँ आलु किन्नेहरुको सख्यामा हवात्तै बृद्धि भएको छ।

मंगलबारसम्म करिव ५५ हजार दर्शकले महोत्सव अवलोकन गरेकोमा ४ हजार दूई सय २५ घरपरिवारले आलु किनी लगेको आलु तथा कृषि उपज व्यवस्थापन उपसमिति संयोजक अर्जुन कार्कीले जानकारी दिए । जसमध्ये प्रति घरपरिवारले सबैभन्दा कम १ केजी देखि बढीमा २ हजार १ सय केजीसम्म आलु किनी लगेको कार्कीको भनाई छ । हेमजाको निलो आलु बढी स्वास्थ्यकर मानिने, छिटो पाक्ने तथा खानमा पनि स्वादिलो र मिठो हुने भएकाले अधिकाशं उपभोक्ताको रोजाईमा पर्दै आएको मंगलबार महोत्सव स्थलमा आलु खरिद गर्दै गरेका पोखरा घारीपाटनका धुर्व विजुक्छेले बताए। ग्राहकको अत्याधिक चापका कारण त्यहाँ आलु किन्न लाइन नै लाग्ने गरेको छ । आलु खरिद गर्नकै लागि त्यहाँ पोखरा लगायत छिमेकी अन्नपूर्ण, माछापुच्छ्रे, रुपा एवम् मादी गाउँपालिका, स्याङजा, चितवन, तनहुँ, पर्वत, मुस्ताङ, बाग्लुङ, सुनसरी, रुपन्देही, मकवानपुर लगायतका जिल्लाबाट समेत मानिसहरु महोत्सव स्थल विष्णुपादुका खेल मैदान पुगेका छन् ।आयोजकलाई त्यहाँ आलु बिक्री गर्न भ्याइनभ्याई भइरहेको छ भने मंगलबार साँझसम्म २० लाख बढीको आलु कारोवार भएको छ। त्यहाँ प्रतिकेजी रु.३५ मा आलु बिक्री गरिएको छ।

महोत्सव मध्येतिर आइरहदाँ दर्शक सहभागिता पनि बढ्दै गएको हो । महोत्सवको पाँचौ दिन मंगलबार नयाँवर्षको सार्वजनिक विदा परेकाले त्यहाँ दर्शकको भीडभाड देख्न सकिन्थ्यो । मंगलबार मात्रै १५ हजार बढी दर्शकले महोत्सव अवलोकन गरेका छन् । दर्शक सहभागिता बढ्दै जाँदा आयोजक समेत हैसिएका छन् । महोत्सव अन्तर्गत मंगलबार कलाकारहरु शिव हमाल, राजु ढकाल, कृष्ण गुरुङ, नेत्र खड्का, ममता तामाङ, सुभद्रा श्रेष्ठ, भूमिका पंगेनी, प्रजिता सुनार, सर्गम गिरी, विपशा चदारो लगायत धवलागिरी बोडिङ स्कूलले प्रस्तति राखे । त्यस्तै पप कन्सर्टतर्फ पोखरेली व्याण्डका अलवा एञ्जिला रेग्मी र गगन गुरुङले प्रस्तति राख्दै दर्शकलाई नचाए। त्यस्तै महोत्सवमा बुधबार कलाकारहरु समीक्षा अधिकारी, कुमार पुन, राजन कार्की, तुलसा क्षत्री, नवराज अधिकारी, दुर्गा क्षत्री लगायतका प्रस्तुति रहनेछन् ।त्यस्तै रत्यौली गीत प्रतियोगिता पनि जारी छ।

महोत्सव अन्तर्गत त्यहाँ आलु तथा तरकारीको प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार एवम् कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम भइरहेका छन्। त्यस्तै कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकारका दैनिक प्रस्तुति लगायत विभिन्न कृषि उपज बीउविजन तथा कृषि यन्त्रको प्रदर्शनी लगायतका गतिविधि पनि संचालित छन् । महोत्सव यही बैशाख ५ गतेसम्म चल्नेछ।

# बुधबारदेखि राष्ट्रिय आर्थिक गणना सुरू हुँदै

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

राष्ट्रिय आर्थिक गणना-२०८२ अन्तर्गत स्थलगत तथ्याङ्क सङ्कलनको काम बुधबारदेखि सुरू हुँदैछ।

आर्थिक गणनाका लागि देशभर छनोट भएका गणक र सुपरीवेक्षकलाई पाँच दिनको तालिम दिएर कार्यस्थलमा खटाइएको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ।

आगमी वैशाख २ गतेदेखि असार ७ गतेसम्म आर्थिक गणना सञ्चालन हुनेछ। जिल्ला आर्थिक गणना कार्यालय, बागलुङका प्रमुख चन्द्रकान्त सुवेदीले देशभर एकसाथ यही चैत २६ गतेदेखि ३० गतेसम्म गणक र सुपरीवेक्षकलाई तालिम प्रदान गरिएको बताउनुभयो।

उहाँका अनुसार बागलुङमा ३३ गणक र पाँच सुपरीवेक्षक आर्थिक गणनामा खटिनेछन् । "पाँच दिनको तालिम पूरा गरेर गणक र सुपरीवेक्षक तोकिएका क्षेत्रमा पुग्नुभएको छ", उहाँले भन्नुभयो, "वैशाख २ गतेदेखि आर्थिक गणना कार्य सुरू हुँदैछ ।" सत्यतथ्य र विश्वसनीय रूपमा आर्थिक विवरण/तथ्याङ्क सङ्कलन गर्नका लागि गणक र सुपरीवेक्षकलाई प्रशिक्षित गरिएको कार्यालयप्रमुख सुवेदीले बताउनुभयो । औद्योगिक तथा व्यापारिक संरचनाको जानकारी, राष्ट्रिय तथा अन्तरराष्ट्रिय विकास लक्ष्य मापन, प्रतिस्पर्धी क्षेत्रको उजागर, रोजगारी सिर्जना, राष्ट्रिय अर्थतन्त्रमा योगदानको मापनलगायत आर्थिक गणनाको महत्व रहेको उहाँको भनाइ छ । जिल्ला आर्थिक गणना समन्वय समितिका संयोजक एवं प्रमुख जिल्ला अधकारी कृष्णप्रसाद आचार्यले आर्थिक गणना राष्ट्रिय अभियान भएकाले सबैले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले मुलुकको नीति तथा योजना निर्माणका लागि आर्थिक गणना महत्वपूर्ण रहेको बताउनुभयो।

आर्थिक गणनामा विभिन्न वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने औपचारिक वा अनौपचारिक सबै प्रतिष्ठान/व्यवसायको गणना गरिने जनाइएको छ। यसअघि नेपालमा पहिलो राष्ट्रिय आर्थिक गणना विसं २०७५ मा सञ्चालन गरिएको थियो।

# पोखराका होटेल ९० प्रतिशत बढी भरिभराउ

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

नेपाली नयाँ वर्ष मनाउन आउने पर्यटकका कारण पोखराको लेकसाइड क्षेत्रमा होटेल क्षमताको ९० प्रतिशत बढी भरिभराउ भएका छन्।

नेपाली नयाँ वर्ष मनाउनका लागि देशका विभिन्न स्थानबाट पोखरामा आएका पर्यटकले होटेल भरिभराउ भएको होटेल सङ्घ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो।

नेपाली नयाँ वर्षकै अवसरमा सङ्घले सञ्चालन गर्दै आएको फेवा नव वर्ष महोत्सवको २१औँ संस्करणका कारण पनि पोखरामा पर्यटकको आगमन बढाएको उहाँले बताउनुभयो।

प्रकृति, संस्कृति र साहसिक पर्यटनका कारण चासो र चर्चा कमाएको पोखरालाई पर्यटन राजधानी घोषणा गरिनुका साथै यसको प्रवर्द्धनमा निरन्तर गरिएका प्रयाससँगै पर्यटकको आगमन पनि बढ्दो क्रममा रहेको पर्यटन व्यवसायी बताउँछन्।

पोखरा क्षेत्रमा कुल एक हजार २०० होटेल रहेकामा प्रत्येक दिन ४० हजारसम्म पर्यटक राख्न सकिने अध्यक्ष सुवेदीले बताउनुभयो।

# विश्व शान्ति स्तुपा: नजिक विश्वकर्मा संग्रहालय सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

पोखराको विश्व शान्ति स्तूप क्षेत्रमा नयाँ पर्यटन आकर्षणका रूपमा "विश्वकर्मा संग्रहालय" सञ्चालनमा आएको छ। नेपाली समाजमा विश्वकर्मा समुदायको इतिहास, सीप, कला र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण गरिएको उक्त संग्रहालय मंगलबारदेखि औपचारिक रूपमा खुला गरिएको हो।

विशाल महादेवको मूर्ति र विश्व शान्ति स्तूप बीचमा अवस्थित यो संग्रहालयमा विश्वकर्मा समुदायद्वारा निर्माण गरिएका हातहतियार, कृषि औजार, धातुकला, काष्ठकला, चित्रकला, मूर्तिकला लगायतका महत्वपूर्ण सामग्रीहरू प्रदर्शन गरिएका छन्। साथै कला, वास्तुकला र ऐतिहासिक तथा सांस्कृतिक सम्पदासम्बन्धी लेख-रचनाहरू पनि समावेश गरिएका छन्।

नयाँ वर्ष २०८३ साल वैशाख १ गते संग्रहालयको उद्घाटन राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा ले गर्नुभएको थियो। कार्यक्रममा गण्डकी प्रदेशका पूर्व अर्थमन्त्री रामजी बराल, वडा जनप्रतिनिधि कृष्ण कुमारी देवकोटा लगायत अतिथिहरूको उपस्थिति रहेको थियो। यसैगरी, टोल विकास संस्था, आमा समूह, क्लबका प्रतिनिधि तथा स्थानीयवासीहरूको उल्लेखनीय सहभागितामा कार्यक्रम भव्य रूपमा सम्पन्न भएको थियो। कार्यक्रमको सञ्चालन महासचिव कृष्ण बरालले गर्नुभएको थियो भने स्वागत मन्तव्य उपाध्यक्ष सुदीप बिकले राख्नुभएको थियो। संग्रहालयका परिकल्पनाकार तथा अध्यक्ष गणेश बराइलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न वक्ताहरूले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

संग्रहालयको व्यवस्थापनका केही काम अझै बाँकी रहेको र यसको प्रभावकारी सञ्चालनका लागि समुदायको निरन्तर सहयोग आवश्यक रहेको अध्यक्ष बराइलीले जानकारी दिनुभएको छ। नयाँ संग्रहालयले पोखरामा पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

# प्रधानमन्त्री कप: आजको खेलमा गण्डकी प्रदेश विजयी

रासस
पोखरा, १ बैशाख

प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत आजको खेलमा कर्णाली प्रदेशलाई पराजित गर्दै गण्डकी प्रदेश विजयी भएको छ । मंगलबार वीरगञ्जको नारायणी रङ्गशालामा भएको खेलमा गण्डकीले कर्णाली प्रदेशलाई नौ विकेटले हराएको हो।

कर्णालीले २५ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै ७२ रन जोडेको थियो । कर्णालीका प्रकाश जोशीले ३६ बलमा १५ रन जोडेका थिए। त्यस्तै, कर्णालीका दिवन पुनले २७ बलमा १४ रन जोडे । गण्डकी प्रदेशका विपिन खत्रीले पाँच विकेट र अपराजित पौडेलले तीन विकेट लिएका थिए। जवाफी ब्याटिङ्मा उत्रिएको गण्डकीले १३ ओभरमा एक विकेट गुमाउँदै ७४ रन जोडेको थियो । गण्डकीका तर्फबाट सिब्रिन श्रेष्ठले ३४ बलमा ४० रन र दीपक डुम्रेले १८ बलमा २२ रन जोडेका थिए । कर्णाली प्रदेशका विपिन शर्माले एक विकेट लिएका थिए।

आजको खेलमा गण्डकी प्रदेशका विपिन खत्री 'प्लेयर अफ दी म्याच' घोषित हुँदै नगद पाँच हजार पुरस्कार पाएका छन् । प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपिएफ क्लब र सात प्रदेशका गरी १० टोलीको सहभागिता छ । प्रतियोगिताको विजेता टोलीले रु १० लाख र उपविजेताले पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल खेल यही वैशाख ४ गते हुँदैछ।

# 'एकताबद्ध र सकारात्मक सोचका साथ अघि बढ्नुपर्छ'

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले एकताबद्ध र सकारात्मक सोचका साथ समग्र मुलुकको विकासका लागि अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ।

नयाँवर्ष, २०८३ का अवसरमा मंगलबार शुभकामना सन्देश व्यक्त गर्दै उहाँले नयाँवर्षको अवसरमा आपसी प्रेम, सहकार्य र सद्भाव अभिवृद्धि गर्दै प्राप्त उपलब्धिलाई दिगो बनाउने दिशामा अग्रसर हुन सबैबीच सहकार्य र समन्वय आवश्यक पर्ने बताउनुभयो । गण्डकी प्रदेश सरकार सेवा प्रवाहमा सुधार, सुशासन प्रवर्द्धन तथा दिगो विकासमार्फत जनताको आकाङ्क्षा पूरा गर्न दृढतापूर्वक प्रतिबद्ध रहेको उहाँले बताउनुभयो।

गत वर्षको भदौमा जेनजी आन्दोलनका क्रममा भएका घटनाका कारण ठूलो जनधनको क्षति व्यहोर्नु परेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले त्यस घटनाले सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक रूपमा गहिरो प्रभाव पारेको सन्देशमा जनाउनुभएको छ । प्राकृतिक विपद्, स्रोतसाधनको सीमितता, अपेक्षित राजस्व सङ्कलनमा कमी तथा विविध सामाजिक समस्याहरूले विकास प्रक्रियालाई प्रभावित बनाएको भन्दै उहाँले यी सबै चुनौतीहरूलाई अवसरका रूपमा रूपान्तरण गर्दै एकताबद्ध र सकारात्मक सोचका साथ समग्र विकासका लागि अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

प्रदेशको आर्थिक, सामाजिक, पूर्वाधार तथा संस्थागत विकासमा हासिल उपलब्धि गण्डकी प्रदेशवासी, राजनीतिक दल, नागरिक समाज, कर्मचारी, सुरक्षाकर्मी तथा सञ्चार क्षेत्रको सहकार्यको परिणाम भएको बताउँदै सन्देशमा यस सहकार्यलाई थप सुदृढ बनाउँदै आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासीको सङ्कल्प साकार पार्ने दिशामा प्रदेश सरकार दृढतापूर्वक अघि बढिरहेको जनाउनुभयो।

युवा उद्यमशीलता तथा सीप विकासमार्फत रोजगारी सिर्जना, कृषिको आधुनिकीकरण, पर्यटन पूर्वाधारको दिगो विकास, सामाजिक न्यायको प्रत्याभूति, महिला सशक्तिकरण तथा स्थानीय उद्यमशीलताको प्रवर्द्धनलाई प्राथमिकतामा राखी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भइरहेका उल्लेख गर्दै उहाँले यस लक्ष्य प्राप्तिका लागि सबैमा एकता, सहकार्य र प्रतिबद्धता अझ सुदृढ रहोस् भन्ने अपेक्षा गर्नुभएको छ।

# नयाँ वर्षमा बाह्र हजार बढीले गरे मुक्तिनाथको दर्शन

पोखरापत्र संवाददाता
मुस्ताङ, १ बैशाख



नयाँ वर्ष २०९३ सालको पहिलोदिन मुक्तिनाथ मन्दिरमा करिव बाह्र हजार धार्मिक तिर्थालुले दर्शन गरेका छन् । सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगति/समृद्धिको कामना गर्दै स्वदेशी तथा विदेशी पर्यटकले मुक्तिनाथ मन्दिरमा श्रद्धापूर्वक दर्शन गरेको मुक्तिनाथ विकास समितिले जनाएको छ।

हिउँदयामपछि चलायनमा भएको मुक्तिनाथ मन्दिरमा औसत दैनिक चार हजारदेखि पाँच हजारको हाराहारीमा मुक्तिनाथ मन्दिरको दर्शन गर्ने गरिएकामा आज मुक्तिनाथ मन्दिरमा साविकभन्दा दोब्बर धार्मिक तीर्थालुले दर्शन गरेको समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिनुभयो । नयाँ वर्ष भएकाले दिउँसो २ बजेपछि पनि मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको भीडले परिसर खचाखच भरिएको उहाँको भनाइ छ। यसैगरी नयाँ वर्षको उपलक्ष्यमा उल्लेख्य सङ्ख्यामा जिल्लास्थित सरकारी कार्यालयका कर्मचारी र स्थानीय नागरिक पनि मुक्तिनाथ मन्दिरको दर्शन गर्न पुगेका थिए। मध्यपूर्वको द्वन्द्वले पेट्रोलियम पदार्थको समस्या देखिए पनि टाढाटाढाबाट दर्शनार्थी भक्तजन मुक्तिनाथको दर्शन गर्न आइपुगेको व्यवस्थापक भुसालको भनाइ छ । योसमय मुक्तिनाथ दर्शन गर्ने अनुकुल मौसम भएकाले मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको घुइँचो बढेको हो । मंगलबार बिहान ६ बजेदेखि मुक्तिनाथमा दर्शनार्थी ब्यापक चहलपहल देखिएको हो । दर्शनार्थीको ब्यापक उपस्थितीले मन्दिर परिसर र १०८ धारालगायतका स्थान पुरै दर्शनार्थीले भरिएको थियो। नयाँ वर्षको पहिलो दिन मुक्तिनाथको दर्शन गर्नाले वर्षभरीनै राम्रो हुने भएकाले भक्तजन मुक्तिनाथ मन्दिरको दर्शन गर्न ओइरिएका हुन् । मन्दिरमा ब्यापक मात्रामा दर्शनार्थीले भरिएपछि समितिले भक्तजनलाई लाईनबद्ध हुने गरी मन्दिरको दर्शनकार्यमा सहजीकरण गरेको थियो । नयाँ वर्षमा मुक्तिनाथ दर्शन गर्न आएका सवारी साधनले मुक्तिनाथस्थित रानीपौवाका दुई वटा बसपार्क पुरै सवारी साधनले भरिएर सवारी पार्किङमा समस्या भएको थियो। योसँगै मुक्तिनाथ दर्शन गर्ना आएका पर्यटकका कारण मुस्ताङको जोमसोम, मार्फालगायत पर्यटकीय गाउँमा दर्शनार्थीको चहलपहल बाक्लिएको हो।

# पोखरामा ...

आवश्यक भएको बताउनु भयो। नेपालको सबै विमानस्थलबाट एभिका सटल बसहरु संचालन गर्नुपर्छ भन्ने सन्देस दिन पनि पोखराबाट उक्त सुरुवात गरिएको उहाँको भनाई छ । पोखरा भ्रमण बर्ष २०२५/०२६ का संयोजक गोपी बहादुर भट्टराईले पोखरामा राम्रो सुरुवात भएकोले यसलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । उक्त अभियानले पोखरालाई क्लिन सिटि ग्रिन सिटि अभियानलाई थप टेवा पुग्ने महानगरका प्रवक्ता मोतीराम तिम्सिनाले बताउनु भयो । महानगरको उक्त अभियानमा नीजि क्षेत्र र यातायात व्यवसायीहरुले समेत साथ दिनुपर्ने महानगरका सूचना अधिकारी कृष्णप्रसाद तिवारीले बताउनु भयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते



पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन



उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# घोषणापत्रको साझा मुद्दामा बहस

राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले चुनाव अघि प्रमुख दलहरुले सार्वजनिक गरेका घोषणापत्रको आधारमा राष्ट्रिय प्रतिबद्धता पत्र तयार गरेको छ। बालेन्द्र साहको सरकारले दलहरुका घोषणापत्रका साझा प्रतिबद्धता कार्यान्वयन गर्न खोजेको देखाउँन चाहन्छ। आफ्ना प्रतिबद्धता कार्यान्वयन गर्न सहज बनाउन यस्तो उपाय खोजेको हो। सरकारले 'राष्ट्रिय प्रतिबद्धता' को मस्यौदा तयार पारेर सार्वजनिक गरेको छ। राष्ट्रिय मान्यताप्राप्त छ वटा राजनीतिक दलका घोषणापत्र एवं चुनावका समयमा सार्वजनिक गरेका वाचापत्रहरूको अध्ययन गरी सरकारले तयार पारेको १८ बुँदे यो 'राष्ट्रिय प्रतिबद्धता' पत्रको मस्यौदा हो। यसलाई राय तथा सुझावका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको वेभसाइटमा राखिएको छ। सो मस्यौदामाथि सम्बन्धित राजनीतिक दलहरूबाट यही वैशाख १० गतेभित्र राय सुझाव माग गरिएको छ।

सो वेभसाइटमा राखिएको सूचनामा भनिएको छ "सम्वत २०८२ फागुन २१ मा सम्पन्न निर्वाचनमा राष्ट्रिय मान्यता प्राप्त गरेका छ वटा राजनीतिक दलहरूका घोषणापत्र/वाचापत्र/प्रतिबद्धतापत्रका आधारमा तयार 'राष्ट्रिय प्रतिबद्धता'को मस्यौदा उपर सम्बन्धित राजनीतिक दलहरूबाट सम्वत् २०८३ वैशाख १० गते भित्र राय सुझाव माग गरिएको।" सरकार संचालन गर्न सबैको साथ र सहयोग चाहिन्छ भन्ने बुझाइ पनि हो। सरकारले चैत १३ गते पहिलो मन्त्रिपरिषद्को बैठकबाट शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची सार्वजनिक गरेको थियो। सो कार्यसूचीको बुँदा नम्बर ३ मा भएको व्यवस्था बमोजिम सरकारले यो राष्ट्रिय प्रतिबद्धता सार्वजनिक गरेको छाकागजी काममा सरकार चाँडो चल्न सक्छ भन्ने छाप छोड्न खोजेको हो।

नेपालको संविधानको मूल मर्म, लोकतान्त्रिक प्रणालीको सुदृढीकरण तथा निर्वाचनमार्फत व्यक्त जनादेशलाई संस्थागत रूपले कार्यान्वयन गर्न निर्वाचनमा सहभागी सबै राजनीतिक दलका घोषणापत्र, वाचापत्र तथा प्रतिबद्धतापत्रहरूमा समावेश कार्यान्वयन योग्य विषयहरूको संश्लेषण गरी राष्ट्रिय प्रतिबद्धता तयार गर्ने एवं सोमा नेपाल सरकारको साझा स्वामित्व स्थापित गर्ने। उक्त प्रतिबद्धतालाई वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा सुधार एजेन्डासँग आबद्ध गरी तत्कालैदेखि कार्यान्वयन गर्न तत्काल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत आवश्यक संरचना स्थापना गरी जिम्मेवारी दिने।" अहिले सरकारको हुटहुटी प्रदेश र स्थानीय तहको सहयोगमा भएका हुन्। सरकारले सार्वजनिक गरेको यो राष्ट्रिय प्रतिबद्धताको मस्यौदामा गत फागुन २१ को निर्वाचनबाट राष्ट्रिय मान्यताप्राप्त दलहरू राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले चुनावका समयमा घोषणा गरेका घोषणापत्र या वाचापत्रहरू समेटिएको ठहर्छ।

सरकारद्वारा सार्वजनिक यस राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतमा रहने गरी एक सरकारी संरचना तयार पारिएको उल्लेख गरिएको छ। कार्यकारी प्रधानमन्त्रीलाई गति रोक्न खोजिएको हो। राष्ट्रिय प्रतिबद्धतामा रहेका मुख्य प्राथमिकताका क्षेत्रहरूमा, आर्थिक क्षेत्रमा स्थायित्व र सुधार, कृषि पेशाको सम्मान र आत्मनिर्भरता, पर्यटन तथा नागरिक उड्डयन, ऊर्जा विकास तथा उपयोग, खानी तथा खनिज, पूर्वाधार विकास, समृद्धिको आधार रोजगारी, शिक्षा तथा स्वास्थ्य, वन, वातावरण तथा जलवायु परिवर्तन आदि रहेका छन्। त्यसैगरी सो प्रतिबद्धतामा सुशासन तथा भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार तथा सेवा प्रवाह, विद्युतीय सुशासन तथा प्रविधि, सामाजिक न्याय तथा समावेशीकरण, अन्तर्राष्ट्रिय कूटनीति तथा परराष्ट्र सम्बन्ध, नेपाली डायस्पोराको ज्ञान, सीप र पुँजीको उपयोग, खेलकुद, विपद् व्यवस्थापन, सहकारी तथा लघुवित्त आदि रहेका छन्। राष्ट्रिय मान्यताप्राप्त छ वटा राजनीतिक दलका घोषणापत्र एवं चुनावका समयमा सार्वजनिक गरेका वाचापत्रहरूको अध्ययन गरी सरकारले तयार पारेको १८ बुँदे यो 'राष्ट्रिय प्रतिबद्धता' पत्रको मस्यौदा हो।

यसलाई राय तथा सुझावका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको वेभसाइटमा राखिएको छ। सो उयमस्यौदामाथि सम्बन्धित राजनीतिक दलहरूबाट यही वैशाख १० गतेभित्र राय सुझाव माग गरिएको छ। सो वेभसाइटमा राखिएको सूचनामा भनिएको छ "सम्वत २०८२ फागुन २१ मा सम्पन्न निर्वाचनमा राष्ट्रिय मान्यता प्राप्त गरेका छ वटा राजनीतिक दलहरूका घोषणापत्र/वाचापत्र/प्रतिबद्धतापत्रका आधारमा तयार 'राष्ट्रिय प्रतिबद्धता'को मस्यौदा उपर सम्बन्धित राजनीतिक दलहरूबाट सम्वत् २०८३ वैशाख १० गते भित्र राय सुझाव माग गरिएको।" सरकारले चैत १३ गते पहिलो मन्त्रिपरिषद्को बैठकबाट शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची सार्वजनिक गरेको थियो। सो कार्यसूचीको बुँदा नम्बर ३ मा भएको व्यवस्था बमोजिम सरकारले यो राष्ट्रिय प्रतिबद्धता सार्वजनिक गरेको हो। कार्यसूचीको बुँदा नम्बर ३ मा भनिएको छ, "नेपालको संविधानको मूल मर्म, लोकतान्त्रिक प्रणालीको सुदृढीकरण तथा निर्वाचनमार्फत व्यक्त जनादेशलाई संस्थागत रूपले कार्यान्वयन गर्न निर्वाचनमा सहभागी सबै राजनीतिक दलका घोषणापत्र, वाचापत्र तथा प्रतिबद्धतापत्रहरूमा समावेश कार्यान्वयन योग्य विषयहरूको संश्लेषण गरी राष्ट्रिय प्रतिबद्धता तयार गर्ने एवं सोमा नेपाल सरकारको साझा स्वामित्व स्थापित गर्ने। उक्त प्रतिबद्धतालाई वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा सुधार एजेन्डासँग आबद्ध गरी तत्कालैदेखि कार्यान्वयन गर्न तत्काल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत आवश्यक संरचना स्थापना गरी जिम्मेवारी दिने।"

सरकारले सार्वजनिक गरेको यो राष्ट्रिय प्रतिबद्धताको मस्यौदामा गत फागुन २१ को निर्वाचनबाट राष्ट्रिय मान्यताप्राप्त दलहरू राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले चुनावका समयमा घोषणा गरेका घोषणापत्र या वाचापत्रहरू समेटिएको छ। यस राष्ट्रिय प्रतिबद्धतामा रहेका मुख्य प्राथमिकताका क्षेत्रहरूमा, आर्थिक क्षेत्रमा स्थायित्व र सुधार, कृषि पेशाको सम्मान र आत्मनिर्भरता, पर्यटन तथा नागरिक उड्डयन, ऊर्जा विकास तथा उपयोग, खानी तथा खनिज, पूर्वाधार विकास, समृद्धिको आधार रोजगारी, शिक्षा तथा स्वास्थ्य, वन, वातावरण तथा जलवायु परिवर्तन आदि रहेका छन्। तथा लघुवित्त आदि रहेका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालायको वेभसाइटमा उपलब्ध छ। गरेका वाचा कार्यान्वयनका लागि हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# ढोरपाटनमा पहिलो पटक हिउँ चितुवा गणना गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, १ बैशाख

नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा पहिलो पटक हिउँ चितुवा गणना गरिने भएको छ।

नाउर र झारलको वैधानिक सिकार गरिने ढोरपाटन सिकार आरक्षको उच्च हिमाली भेगमा हिउँ चितुवा पाइने भएपनि हालसम्म गणना गरिएको थिएन। हिउँ चितुवा गणनाका लागि गणकलाई तालिम दिने तयारी गरिएको आरक्षका रेन्जर सागर सुवेदीले जानकारी दिनुभयो।

सुवेदीका अनुसार गणनामा आरक्षका कर्मचारी, तालिम प्राप्त गणक तथा स्थानीयको सहभागिता रहने छ। हिउँ चितुवा गणनाका लागि उच्च पहाडी भेगमा रहेका सिकार ब्लकमा ५६ क्यामेरा जडान गरिने छ। "पहिलोपटक हिउँ चितुवाको अवस्था पत्ता लगाउन लागेका छौँ, करिब १० जना गणकहरू ४५ दिनसम्म क्यामेरा राख्दै, प्रत्यक्ष फोटो तथा भिडियो खिच्दै र चितुवाको पाइला तथा दिसा सङ्कलन गरी गणनाको प्रतिवेदन तयार पारिने छ", सुवेदीले भन्नुभयो, "क्यामेराले कैद गरेका तस्बिर र अन्य स्थलगत प्रमाणहरूका आधारमा हिउँ चितुवाको सङ्ख्या पत्ता लाग्छ। आगामी वर्ष भने यहाँका नाउर र झारल गणना गरिने छ।"यस आरक्षको चार हजार मिटरदेखि सात हजार मिटरभन्दा माथिसम्म हिउँ चितुवाको बासस्थान रहेको छ। एक हजार ३२५ वर्ग किमी क्षेत्रफलमा फैलिएको आरक्षको मुख्यालय बागलुङमा रहेपनि म्याग्दी र रुकुम सम्म फैलिएको छ। आरक्षका विभिन्न सिकार ब्लकमध्ये सेङ, सुनदह, दोगाडी, घुस्तुङ, बार्से र फागुने ब्लकमा हिउँ चितुवा गणना गर्ने तयारी आरक्षले गरेको छ। रेन्जर सुवेदीका अनुसार हिउँ चितुवा हिँड्ने सम्भावित बाटो, चट्टान, घारी र पास क्षेत्रमा स्वचालित क्यामेरा राखेर फोटो कैद गरी फोटोका आधारमा शरीरको धब्बा मिलाएर छुट्टाछुट्टै चितुवाको पहिचान गरिनेछ। हिउँ चितुवाको दिसा सङ्कलन गरेर प्रयोगशालामा परीक्षण गरिने र पदचाप तथा सङ्केत सर्वेक्षण पाइलाका आधारमा समेत गणना गरिने जनाइएको छ। यस आरक्षमा २०७९ सालको गणनाअनुसार एक हजार २९० नाउर र ७४४ झारल भेटिएका थिए।

# बिशाका कला केन्द्रको उद्घाटन, युवालाई कला क्षेत्रमा अघि बढ्न आह्वान

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

पोखरा महानगरपालिका-१७ स्थित बिशाका कला केन्द्रको औपचारिक उद्घाटन एक विशेष कार्यक्रमका बीच सम्पन्न भएको छ।

केन्द्रका संचालक बिनोद गिरिको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्थानीय जनप्रतिनिधि, सुरक्षाकर्मी, पत्रकार तथा कला प्रेमीहरूको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रमका प्रमुख अतिथि वडा सदस्य बिक्रम गुरुङ ले कला केन्द्रको उद्घाटन गर्दै युवाहरूलाई सिर्जनात्मक क्षेत्रमा अघि बढ्न प्रेरणा दिने यस्ता संस्थाहरूको आवश्यकता रहेको बताए। उनले कला, संस्कृति र खेलकुदको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान बनाउन सहज हुने उल्लेख गर्दै केन्द्रको सफलताको कामना गरे।



त्यसैगरी, प्रहरी चौकी छोरेपाटन का इन्चार्ज गौतम श्रेष्ठ ले समाजमा सकारात्मक ऊर्जा फैलाउन कला क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताए।

कार्यक्रममा स्वतन्त्र पत्रकार संघ नेपाल का केन्द्रीय सदस्य कृष्ण रानाभाट लगायतले पनि शुभकामना मन्तव्य व्यक्त गरेका थिए। वक्ता गणेश जिसीले 'हाम्रो धर्म र संस्कृति हाम्रो पहिचान हो, यसको संरक्षण गर्नु सबैको दायित्व हो' भन्ने धारणा राख्दै कला केन्द्रले परम्परा जोगाउने अभियानमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा डेभिज फल क्लब तथा गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिका प्रतिनिधि, प्रशिक्षार्थी र अभिभावकहरूको उल्लेख्य सहभागिता रहेको थियो। नव स्थापित कला केन्द्रले स्थानीय स्तरमा लुकेका प्रतिभालाई उजागर गर्दै कला, संस्कृति र सिर्जनात्मक गतिविधिहरूलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको जनाएको छ।

# सोवाङ धुरी र धौलागिरि आइसफललाई पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
बागलुङ, १ बैशाख

जिल्लाको अन्नपूर्ण गाउँपालिका-१ दोवाका बासिन्दाले करिब ४५ दिन जङ्गलमै बास बसेर पदमार्ग निर्माण गरेका छन्।

बस्तीदेखि टाढा भौगोलिक रुपमा विकट र दुर्गम क्षेत्रमा पदमार्ग निर्माणका क्रममा दोवाका बासिन्दाहरूले सरकारी निकायबाट प्राप्त अनुदान र श्रमदानको अलावा मेलाबाट भएको आम्दानीलाई पनि परिचालन गरेका हुन्। अन्नपूर्ण गाउँपालिका र मणीबराह युवा क्लबको साझेदारीमा दोवादेखि पातलखर्क, गरेकखर्क, देउरालीडाँडा, ठूलोखानी, धैरासिर, गुराँसिनीखोला, भिराउटो, सुर्केमेला र हल्टुडे क्षेत्रमा पदमार्ग निर्माण भएको हो। उपभोक्ता समितिका अध्यक्ष विकास पुनले चार किलोमिटर ४०६ मिटर पदमार्ग निर्माण भएको जानकारी दिनुभयो। अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख बजेट विनियोजन गरेको यस योजनाका लागि मणिबाराही युवा क्लबले रु चार लाख २५ हजार ७६५ सहयोग गरेको र रु एक लाख २४ हजार बराबरको श्रमदान भएको उहाँले बताउनुभयो। "दोवामा पर्यटक भित्र्याउने र बसाई लम्बाइ ग्रामीण क्षेत्रमा आर्थिक गतिविधि बढाउने तथा रोजगारी सिर्जना गर्ने उद्देश्यले पर्यटकीय पूर्वाधार निर्माणमा जुटेका हौँ", अध्यक्ष पुनले भन्नुभयो, " सोवाङ धुरी र धौलागिरि आइसफललाई दोवासँग जोड्ने उद्देश्यले थालिएको पदमार्ग निर्माण कार्यलाई निरन्तता दिन आवश्यक छ।"पुनका अनुसार दोवाका २३ जना स्थानीयवासी करिब ४५ दिन जङ्गलमै बास बसेर पदमार्ग निर्माण गरेका हुन्। बस्तीदेखि टाढा रहेको ठाउँमा घरबाट जान, आउन टाढा हुने भएकाले निर्माणस्थलमै त्रिपालको गोठ बनाएर बास बसेका हुन्। बडादशैँको अवसरमा मणिबाराही युवा क्लबले आयोजना गरेको मेलाबाट भएको आम्दानी पदमार्ग निर्माणमा सहयोग गरेको हो। पदमार्ग अनुगमनमा जानुभएकी अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले भौगोलिक रुपमा विकट र दुर्गम ठाउँमा सरकारले विनियोजन गरेको बजेटमा स्थानीय युवा क्लबबाट रकम थपेर उपभोक्ता समितिले काम गरेकामा प्रशंसा गर्नुभयो। परापूर्वकालमा दोवावासीले घुम्ती पशुगोठ लेकबेँसी गर्दा प्रयोग गरेको गोरेटो बाटो पहिचान गरेर पदमार्गको रुपमा विकास गर्न लागिएको अन्नपूर्ण गाउँपालिका-१ दोवाका वडाध्यक्ष दिलीप गर्बुजाले बताउनुभयो।

बेनी-जोमसोम सडक निर्माणपछि १५ वर्षअघि म्याग्दी र मुस्ताङ जोड्ने धौलागिरि आइसफल पदमार्गको पहिचान भएको थियो। रघुगङ्गा गाउँपालिकाको राखुदेखि सुरु हुने यो पदमार्ग मुस्ताङको लेते जोडिन्छ। मुख्य पदमार्गमा नजिकका बस्तीहरूबाट जोड्ने सहायक पदमार्गको विकास गर्ने काम भइरहेको छ।

# देवघाटको महत्व र महिमा चिनाउन 'दिग्दर्शन' प्रकाशन

**पोखरापत्र संवाददाता**
दमैली, १ बैशाख

देवघाटको महत्त्व र महिमा चिनाउन देवघाट क्षेत्र विकास समितिले देवघाट दिग्दर्शन पुस्तक प्रकाशन गरेको छ। समितिका अध्यक्ष डा ईश्वरीराज लौडारीले देवघाट क्षेत्रको धार्मिक महत्त्वलाई उजागर गर्दै यसको बहुपक्षीय महत्वलाई जानकारी गराउने उद्देश्यले पुस्तक प्रकाशन गरिएको बताउनुभयो।

एक सय २४ पृष्ठको उक्त पुस्तकमा देवघाट क्षेत्रको परिचय, देवघाट क्षेत्रको विकासक्रम, देवघाट क्षेत्रका दर्शनीय स्थलहरू, सामाजिक संस्कार र चाडपर्वहरू, देवघाटमा धार्मिक पर्यटन, कालीगण्डकी र शालिग्राम, देवघाट क्षेत्रको गुरुयोजना तथा देवघाट क्षेत्र विकास समितिको काम, कर्तव्य र अधिकारहरू समेटिएका छन्। पुस्तकका सम्पादन मण्डलका संयोजक डिआर पोखरेलले दामोदर कुण्ड र गोसाइँकुण्डबाट प्रवाहित हुने कालीगण्डकी र त्रिशूलीको सङ्गमस्थल देवघाटधामलाई केन्द्रविन्दुमा राखेर तनहुँ, चितवन र नवलपरासी सुस्तापूर्व जिल्लाका तटीय भाग समेटेर विशाल देवघाटको संरचना तयार पारिएको बताउनुभयो। उहाँले सोही कारणले देवघाट क्षेत्रको धार्मिक महत्त्वलाई थप उजागर गर्दै केही भिन्न शैलीमा र केही अन्तरराष्ट्रिय भाषा समावेश गरी पुस्तक तयार पारिएको जानकारी दिनुभयो। नेपाल सन्त समाजका अध्यक्ष एवं हरिहर सन्यास आश्रम देवघाटका पीठाधीश श्री १००८ स्वामी ज्ञानानन्द सरस्वतीले देवघाट मुलुकको प्रमुख धार्मिक क्षेत्र भएकाले सरकारले यस क्षेत्रको सर्वाङ्गीण विकासका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो। यस क्षेत्रको समग्र विकास गर्न सके धार्मिक पर्यटन प्रवर्द्धन हुनुका साथै आयआर्जन वृद्धि हुने उहाँले विश्वास व्यक्त गर्नुभयो। दामोदरकुण्डबाट शालिग्रामसहित प्रवाहित कालीगण्डकी नदीलाई 'डाइभर्सन' गरेमा देवघाटको अस्तित्व लोप हुने हुँदा कालीगण्डकी डाइभर्सनको योजना रद्द गर्नुपर्ने स्वामी ज्ञानानन्द सरस्वतीले बताउनुभयो। देवघाट चितवन, तनहुँ र नवलपुरको भूमि मात्र नभएर हिन्दू धर्मावलम्बीको आस्थाको प्रतीक मानिनुका साथै कालीगण्डकी र त्रिशूलीको शिरसम्म देवघाटको भूमि मानिने भन्दै उहाँले पवित्र नदीहरूको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो। कालीगण्डकी नदी राजनीतिको चपेटामा परेको हुँदा राजनीतिक खिचातानीबाट कालीगण्डकी जोगाउनुपर्ने उहाँले बताउनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८, झाक्रीथान बडहरे चंखपुर बाटो स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः झाक्रीथान बडहरे चंखपुर बाटो स्तरोन्नती
ठेगानाः पोखरा-१८
योजना सम्पन्न भएको मितिः २०८२/११/३० गते
योजनाको कुल लागतः रु. ६६९३४५.५८
महानगरपालिकाबाटः रु. ६,००,०००|-
जनसहभागिताबाटः रु. ६९,०००|-
उपभोक्ता समिति अध्यक्षः रुक प्रसाद अधिकारी
सम्पर्क नं.: ९८४६६१३६०३

**झाक्रीथान बडहरे चंखपुर बाटो स्तरोन्नती उपभोक्ता समिति पोखरा-१८**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १६, कुरेचौर कृषि उपज संकलन केन्द्र भवन निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः कुरेचौर कृषि उपज संकलन केन्द्र भवन
ठेगानाः पोखरा-१६
योजना सम्पन्न हुने मितिः २०८२/११/१५ गते
योजना सम्पन्न मितिः २०८२/११/१० गते
योजनाको कुल लागतः रु. ५,५५,९५९.०५
महानगरपालिकाबाटः रु. ५,००,०००|-
जनसहभागिताबाटः रु. ५५,९५९.०५
उपभोक्ता समिति अध्यक्षः बोधराज आचार्य
सम्पर्क नं.: ९८५१२८३७८२

**कुरेचौर कृषि उपज संकलन केन्द्र भवन पोखरा-१६**


# कांग्रेसको 'जरा अभियान'का सात उद्देश्य, उत्साह र विश्वासको नवीन अभियान

**काठमाडौं**
रासस, १ बैशाख

नेपाली कांग्रेसको 'जरा अभियान' सभापति गगनकुमार थापाले आफ्नो वडा काठमाडौं महानगरपालिका-३० बाट आफ्नो क्रियाशील सदस्यता अद्यावधिक गर्नु भएसँगै आजदेखि प्रारम्भ भएको छ।

वैशाख महिनाभर चल्ने अभियान क्रममा एकातर्फ राष्ट्रिय सन्दर्भमा पार्टीको सोच र सन्देश प्रवाह हुने छ भने, अर्कातर्फ स्थानीय तहसम्म पार्टी जागरण र रूपान्तरण क्रममा क्रियाशील सदस्यता अद्यावधिक गर्ने कार्य हुने पार्टी कार्यालयले जनाएको छ। 'रूख'को 'जरा' गोडमेल गर्न र पार्टीमा ताजगी अभिवृद्धि गर्न यो अभियानले मद्दत पुऱ्याउने पार्टी प्रवक्ता देवराज चालिसेले जानकारी दिनुभयो।

गत फागुन २१ को निर्वाचनपश्चात् मुलुकको प्रमुख प्रतिपक्षी दलको जिम्मेवार भूमिकामा पार्टी रहेको र यस अभियानमार्फत पार्टीको भूमिका सबल बनाउँदै देश, प्रणाली र समाज सबल बनाउने ध्येयमा समर्पित रहेको उहाँले उल्लेख गर्नुभयो। संसद्मा रहेका दलहरूबीच राष्ट्रिय हित, राष्ट्रिय स्वार्थ र समग्रमा राष्ट्रियताको प्रश्नमा साझा दृष्टि र सहकार्य गर्ने तथा देशबाहिर रहेका नेपालीको सुरक्षा र अधिकारका सन्दर्भमा पार्टीको प्रतिज्ञा पत्रबमोजिम देशभित्रको भावनात्मक जरा बलियो बनाउन आवश्यक नीतिगत, कानुनी र संरचनागत विषयमा पहल, संवाद र सहकार्य गर्ने अभियानको उद्देश्य रहेको छ। त्यस्तै, संसद्मा कांग्रेसको सहयोगी एवं खबरदारीपूर्ण भूमिका बढाउने, संविधान संशोधनको प्रश्नमा लोकतन्त्रको सारभूत मूल्यमान्यतामा सम्झौता नगरी समयोचित दृष्टि, इमानदार अवधारणाको खोजी एवं परिणाममुखी सहकार्य गर्ने यस अभियानको उद्देश्य रहेको प्रवक्ता चालिसेले बताउनुभयो।

# आरोग्य पर्यटन वर्ष २०२७ : सम्भावनाको नयाँ आयाम

**दिपेन्द्र पहारी पर्यटन विज्ञ**



१६ अप्रिल, २०२६, पहिलो अन्तर्राष्ट्रिय आरोग्य दिवसको पावन अवसरले मानव जीवनमा स्वास्थ्य, सन्तुलन र आत्मिक शान्तिको महत्त्वलाई पुनः स्मरण गराउने अवसर प्रदान गरेको छ। पछिल्लो दशकमा विश्व पर्यटनको स्वरूपमा आएको परिवर्तनले घुमफिरलाई मनोरञ्जनको साधनबाट माथि उठाएर समग्र जीवनशैली सुधारको माध्यम बनाएको छ। यही परिवर्तित सन्दर्भमा आरोग्य पर्यटन (वेलनेस टुरिजम) एक उदीयमान र दीर्घकालीन सम्भावना बोकेको क्षेत्रका रूपमा स्थापित हुँदै गएको छ। आजका पर्यटकहरू गन्तव्यमा दृश्यावलोकन संगै, आफ्ना शारीरिक, मानसिक र आत्मिक अवस्थालाई सन्तुलित गर्न यात्रा गर्न थालेका छन् ।

आरोग्य पर्यटनको वैचारिक आधार प्राचीन पूर्वीय दर्शनमा निहित रहेको छ । योग, ध्यान, प्राणायाम, प्राकृतिक उपचार पद्धति र आयुर्वेदजस्ता अभ्यासहरूले मानव जीवनलाई सन्तुलित, स्वस्थ र सार्थक बनाउने दीर्घ परम्परा बोकेका छन् । आयुर्वेद जस्ता ज्ञानप्रणालीहरूले शरीर, मन र आत्माको समन्वयलाई जीवनको आधार मानेका छन् । आधुनिक चिकित्सा प्रणालीले जहाँ रोगको उपचारमा केन्द्रित दृष्टिकोण अपनाउँछ, त्यहाँ आरोग्य पर्यटनले रोगको पूर्वरोकथाम, मानसिक सन्तुलन र जीवनशैली सुधारमा जोड दिन्छ। यही कारणले गर्दा विश्वव्यापी रूपमा यसप्रतिको आकर्षण तीव्र रूपमा बढिरहेको छ।

नेपाल आरोग्य पर्यटनका लागि प्राकृतिक र आध्यात्मिक दृष्टिले अत्यन्त अनुकूल गन्तव्य हो । हिमाली शीतलता, पहाडको हरियाली, स्वच्छ हावा, जैविक विविधता र सांस्कृतिक परम्पराले यहाँको वातावरणलाई स्वाभाविक रूपमा आरोग्यदायी बनाएको छ । विशेषगरी पोखरा यस सन्दर्भमा सम्भावना बोकेको शहर हो । यहाँको फेवातालमा देखिने छाया,हरियाली डाँडा, र शान्त वातावरणले मानिसको मनलाई गहिरो गरी स्पर्श गर्दछ। त्यस्तै विश्व शान्ति स्तूप जस्ता आध्यात्मिक स्थलहरूले ध्यान, साधना र आत्मचिन्तनका लागि उपयुक्त वातावरण प्रदान गर्दछन्। यस प्रकार पोखरा, पर्यटकीय गन्तव्यका अलावा "उपचारात्मक अनुभवको केन्द्र" बन्ने क्षमतासहित उभिएको छ।

नेपालमा आरोग्य पर्यटनको आवश्यकता विश्लेषण गर्दा केही संरचनागत र समसामयिक पक्षहरू स्पष्ट देखिन्छन् । पहिलो, विश्वव्यापी रूपमा मानसिक तनाव, चिन्ता, र जीवनशैलीजन्य रोगहरूको वृद्धि भइरहेको छ। दोस्रो, कोरोना महामारीपछिको परिवेशले मानिसहरूलाई स्वास्थ्यप्रति अझ सचेत बनाएको छ। तेस्रो, परम्परागत उपचार पद्धतिहरूप्रतिको विश्वास पुनः स्थापित हुँदै गएको छ। यी सबै कारणहरूले नेपालजस्तो प्राकृतिक र आध्यात्मिक स्रोतसम्पन्न मुलुकका लागि आरोग्य पर्यटनको विकास अपरिहार्य बनेको छ । यसले पर्यटनको गुणस्तरीय रूपान्तरण र दिगोपनाको आधार पनि निर्माण गर्दछ।

आरोग्य पर्यटनको प्रभावकारी सञ्चालनका लागि नीतिगत स्पष्टता, पूर्वाधार विकास र संस्थागत संयन्त्र अपरिहार्य हुन्छन् । यसका लागि योग तथा ध्यान केन्द्रहरू, आयुर्वेदिक उपचार सेवा, प्राकृतिक उपचार केन्द्र, शान्त र स्वच्छ आवासीय संरचना तथा वातावरणीय व्यवस्थापनमा विशेष ध्यान दिन आवश्यक छ । साथै, दक्ष जनशक्ति उत्पादनः जस्तै योग प्रशिक्षक, थेरापिस्ट, आरोग्य मार्गदर्शकको विकास अनिवार्य छ। स्थानीय समुदायलाई समेटेर होमस्टे, जडीबुटी उपचार, सांस्कृतिक अनुभवलाई आरोग्य पर्यटनसँग जोड्दा यसले समावेशी आर्थिक विकासमा योगदान पुर्‍याउँछ । डिजिटल प्रवर्द्धनमार्फत नेपाललाई "आध्यात्मिक तथा आरोग्य गन्तव्य" का रूपमा अन्तर्राष्ट्रिय बजारमा प्रस्तुत गर्न सकिन्छ । यसै क्रममा नेपाल सरकारले सन् २०२७ लाई "राष्ट्रिय आरोग्य पर्यटन वर्ष" घोषणा गर्नु दूरदर्शी र रणनीतिक निर्णय हो । यसले आरोग्य पर्यटनलाई राष्ट्रिय प्राथमिकताको केन्द्रमा राख्दै दीर्घकालीन योजना निर्माण र कार्यान्वयनका लागि मार्ग प्रशस्त गरेको छ । यसको सफलताका लागि स्पष्ट कार्ययोजना, अन्तर-संस्थागत समन्वय, निजी क्षेत्रसँग सहकार्य र प्रभावकारी कार्यान्वयन अपरिहार्य हुन्छ । अन्तर्राष्ट्रिय आरोग्य दिवसको अवसरमा पर्यटन मन्त्रालय गण्डकीले ट्रेकिङ एजेण्ट्स एसोसिएसन अफ नेपाल गण्डकी को सहकार्यमा पोखरामा आयोजना गरिएको "राउण्ड फेवा भ्यु फेवा" पदयात्रासहितको योग र ध्यान कार्यक्रम, यस सन्दर्भमा अत्यन्त अर्थपूर्ण पहल हो । फेवाताल वरिपरि पदयात्रा गर्दै विश्व शान्ति स्तूप सम्म पुगेर योग र ध्यान अभ्यास गर्नु, आरोग्य पर्यटनको वास्तविक अनुभव हो । पर्यटन सरोकारवालाहरूको सक्रिय सहभागिताले यस क्षेत्रमा आरोग्य पर्यटनबारे साझा दृष्टिकोण निर्माण गर्न सहयोग पुर्‍याउँछ । यस्ता अनुभवमूलक कार्यक्रमहरूले पोखरालाई "आरोग्य-अनुभवको गन्तव्य" का रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्छन् । यहाँ प्रकृति, शान्ति, आध्यात्मिकता र सक्रिय जीवनशैलीको अद्वितीय संयोजन पाइन्छ, जुन विश्व बजारमा प्रतिस्पर्धात्मक लाभका रूपमा प्रस्तुत गर्न सकिन्छ। यसले पर्यटनलाई आत्म-अनुभूति र पुनर्जीवनको प्रक्रियामा रूपान्तरण गर्दछ । आरोग्य पर्यटनको बहुआयामिक लाभहरू स्पष्ट रूपमा देखिन्छन् । पर्यटकहरूले मानसिक शान्ति, शारीरिक स्फूर्ति र आत्मिक सन्तुलन प्राप्त गर्छन् । स्थानीय समुदायले रोजगारी, सीप विकास र आयआर्जनका अवसर पाउँछन् । व्यवसायीहरूले गुणस्तरीय पर्यटक आकर्षित गरी सेवा विस्तार गर्न सक्छन् । सरकारका लागि यो विदेशी मुद्रा आर्जन, दिगो विकास र अन्तर्राष्ट्रिय छवि सुदृढीकरणको माध्यम बन्छ । यसरी आरोग्य पर्यटन समग्र अर्थतन्त्र र समाजका लागि बहुउपयोगी क्षेत्र हो।

भविष्यतर्फ दृष्टि लगाउँदा आरोग्य पर्यटन विश्व पर्यटनको मुख्य प्रवाह बन्ने स्पष्ट संकेतहरू छन् । मानिसहरू अब बाह्य विलासिताभन्दा आन्तरिक सन्तुलन र जीवनको गुणस्तरतर्फ उन्मुख भइरहेका छन् । यस्तो परिवेशमा नेपालले आफ्नो मौलिकता-प्रकृति, संस्कृति र आध्यात्मिकतालाई समन्वय गरी विश्व बजारमा विशिष्ट स्थान बनाउन सक्छ। सन् २०२७ लाई सफल "राष्ट्रिय आरोग्य पर्यटन वर्ष" का रूपमा स्थापित गर्न केही रणनीतिक उपायहरू आवश्यक छन् । राष्ट्रिय स्तरमा एकीकृत गुरुयोजना निर्माण, अन्तर्राष्ट्रिय प्रचार-प्रसार सुदृढीकरण, सेवा गुणस्तरको मापदण्ड निर्धारण, निजी क्षेत्रसँग सहकार्य विस्तार, अनुसन्धानमा लगानी र प्रमुख गन्तव्यहरू-जस्तै पोखरा, लुम्बिनी लगायत हिमाली क्षेत्रलाई आरोग्य केन्द्रका रूपमा विकास गर्नुपर्छ।

अन्ततः आरोग्य पर्यटन नेपालका लागि अवसर संगै, दिगो र गुणस्तरीय पर्यटन विकासको आधारशिला हो । पोखरा जस्तो अनुपम गन्तव्यले यस क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्न सक्छ। अन्तर ाष्ट्रिय आरोग्य दिवसका सन्दर्भमा गरिएका पहलहरूले सकारात्मक सन्देश प्रवाह गरेका छन्। अब आवश्यक छ-दृढ प्रतिबद्धता, समन्वित प्रयास र दीर्घदृष्टियुक्त योजना। यसरी अघि बढ्न सकेमा नेपाल विश्वकै अग्रणी आरोग्य पर्यटन गन्तव्यका रूपमा स्थापित हुनेमा कुनै शंका छैन।

# नयाँ वर्षमा चलचित्र पत्रकार संघ कास्कीको भित्तेपात्रो विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख




चलचित्र पत्रकार संघ नेपाल कास्कीले २०८३ सालको भित्तेपात्रो विमोचन गरेको छ । प्रत्येक वर्ष प्रकाशन गर्दै आएको भित्तेपात्रो यसपाली पनि प्रकाशन गरिएको हो।

कार्यक्रममा बोल्दै चलचित्र निर्देशक, निर्माता एवम् कलाकार माओत्से गुरुङले चलचित्र पत्रकार संघ नेपाल कास्कीले गरेका कामहरुको प्रशंसा गरे । उनले संघले चलचित्र क्षेत्रको विकास र प्रवर्द्धनका लागि वर्षेनी गर्दै आएको सिनेमा संवाद कार्यक्रमको चर्चा व्यापक रहेको समेत उल्लेख गरे। नेपाली सिनेमाको उत्थानमा चपस कास्कीले गरेका कामहरु सह्रानिय रहेको भनाई उनको छ। २०८३ भदौ २६ गते चलचित्र पेन्सन पट्टा रिलिज गर्ने मिति तय भएको र चलचित्र पत्रकार संघ कास्कीबाट प्रचारप्रसारमा अपेक्षा रहेको उनले बताए। चलचित्र पत्रकार संघ नेपाल कास्कीका संस्थापक अध्यक्ष श्रीराम सिग्देलले नयाँ वर्षको शुभकामना दिँदै चलचित्र पत्रकार संघ कास्कीको गतिविधिले चलचित्रसँग सम्बन्धित अन्य संस्थालाई समेत झकझकाएको बताए । नयाँ कार्यसमितिको सक्रियताको प्रशंसा गर्दै उनले संघले संस्थागत विकाससँगै चलचित्र पत्रकारितालाई समेत बढ्वा दिने खालको कार्यक्रम गर्न सुझाएका छन् । पत्रकार महासंघ कास्कीकी अध्यक्ष माधव बरालले आफु पनि चपस कास्कीको संस्थापक सदस्य रहेको बताउँदै एक पछि अर्को आयोजना गरिएको कार्यक्रमले पोखरामा सिनेमा सम्बन्धि गतिविधि बढ्दै गएको उल्लेख गरे। पोखरा ओपन स्टुडियो भएको र यहाँको पर्यटन प्रवर्द्धनमा सिनेमा सँग सम्बन्धित गतिविधिले टेवा पुगेको उनले बताए । उनले चलचित्र क्षेत्रको श्रीवृद्धिका लागि नीतिगत पहलकदमी हुनुपर्ने र पत्रकारले त्यसतर्फ कलम चलाउनुपर्ने आवश्यकतालाई औंल्याएका छन् । चलचित्र पत्रकार संघ नेपाल कास्कीका अध्यक्ष सन्तोष बस्यालले संघले विगतका कार्यक्रमलाई निरन्तरता दिँदै भित्तेपात्रो विमोचन गरिएको जानकारी गराए । यसअघिका कार्यसमितिले गरेका कामहरुको निरन्तरता सँगै थप नयाँ कार्यक्रम समेत संघले गर्दै जाने भनाई उनको छ । कास्की लगायत खासगरि समग्र गण्डकी प्रदेश नै चलचित्र छायाँकनका लागि उत्कृष्ट गन्तव्य भएको उल्लेख गर्दै यसको प्रचारप्रसारमा समेत कलम चलाउन पत्रकारलाई उनको आग्रह छ । समय अनुसार प्रविधिको प्रयोग गर्दै चलचित्र पत्रकारितालाई समेत प्रविधिमैत्री बनाउनुपर्ने आवश्यकता रहेको उनले उल्लेख गरे। कार्यक्रममा पत्रकार, कलाकार, रंगकर्मी, गीतकार, कवि लगायतको उपस्थिति थियो । कार्यक्रममा स्वागत मन्तव्य चलचित्र पत्रकार संघ नेपाल कास्कीका उपाध्यक्ष गौरव त्रिपाठीले राखेका थिए भने संचालन सचिव सुरेश सुनारले गरेका थिए।

# बेनीको महारानीथान धार्मिक पर्यटकीय स्थलका रूपमा विकास

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ बैशाख



म्याग्दीको बेनी नगरपालिका-७ मा रहेको महारानीथान नयाँ धार्मिक पर्यटकीय स्थलको रूपमा विकास भएको छ।

केही वर्षअघिसम्म नगरपालिका र म्याग्दी जिल्लामा सिमित महारानीथानको महत्व प्रचारप्रसार, पूर्वाधार निर्माण र यातायातको सहजताको कारण राष्ट्रिय तथा अन्तरराष्ट्रियकरण भएको हो । पछिल्लो समय म्याग्दीका साथै पर्वत, बागलुङ, कास्की, चितवन, काठमाडौंलगायत ठाउँबाट भक्तजनहरू पूजाआजाका लागि आउने क्रम बढेको महारानी क्षेत्र विकास कोषका कार्यालय सचिव मञ्जु केसी घिमिरले बताउनुभयो।

"यसअघि म्याग्दी र पर्वतको जलजलाबाट आउने भक्तजन धेरै थिए," उहाँले भन्नुभयो, "पछिल्लो समय देशभरका ठूला सहरहरूबाट भक्तजनहरू आउन थाल्नुभएको छ।" नयाँ वर्षको अवसर पारेर मङ्गलबार महारानीमा पूजाआजाका लागि हालसम्मकै धेरै भक्तजन आएका छन् । बिहानैदेखि दिउँसोसम्म भक्तजनहरूको लाइन लागेको छ । भक्तजनको आगमन वृद्धिसँगै भेटी र चन्दा वापत्को आम्दानी बढेको महारानीथान क्षेत्र विकास कोषका सदस्य ललितबहादुर जिसीले बताउनुभयो । एक वर्षअघि नयाँ कार्यसमिति गठन हुँदा घाटामा रहेको कोषको खातामा हाल रु १० लाख भन्दा बढी सङ्कलन भएको उहाँले बताउनुभयो । साहित्यकार चन्द्रप्रकाश बानियाले लेखेको 'महारानी' उपन्यासले महारानीथानको ऐतिहासिक र धार्मिक महत्त्वको उजागर गरेको छ । 'महारानी' उपन्यासले विस २०७७ मा नेपालको प्रसिद्ध मदन पुरस्कार प्राप्त गरेको थियो।

पुर्वसांसदसमेत रहनुभएका बानियाले लेख्नुभएको अर्को उपन्यास 'तुलुराजा' मा पनि महारानीथानको प्रशङ्ग उल्लेख छ। उपन्यासका साथै महारानीथानको विभिन्न माध्यमबाट प्रचारप्रसार हुन थालेपछि भक्तजनको आगमन बढेको कोषका सदस्य जिसीले बताउनुभयो । उहाँका अनुसार महारानीमा गरेको भाकल पूरा भएका भक्तजनहरू मङ्गलबार र शनिबारका दिन बोकाको बली चढाउन आउछन्।

भाकल पूरा गर्न परेवा पनि उडाउने गरिन्छ । नरिवाल र पुलप्रसाद चढाएर पनि पुजाआजा गर्ने चलन छ। शनिबार र मङ्गलबार बाहेकका दिनमा पनि नियमित पुजाआजा हुने गरेको छ । इतिहाँसविद् प्राडा. कर्णबहादुर बानियाका अनुसार विस १७४४ पौषमा आफ्ना पति भर्तिबमलाई तत्कालीन बाइसे चौबिसे ज्यामरुककोटे राजा मलेबलमे राजद्रोहको आरोप लगाएर कारबाही गर्ने भएपछि सो कारबाही रोक्न सकिन्छ कि भनेर ज्यामकोटबाट पर्वत राज्यको शीतकालिन राजधानी बेनी शहरमा आएकी रानी विश्वप्रभाले आफ्ना पतिको हत्या भइसकेको खबर पाएपछि कुरिलाखर्कमा गई रुखमा पासो लगाइएर आत्महत्या गरेकी थिइन् । त्यो दृश्य देख्न नसकेर उनको साथमा आएकी 'बाहुनी' पण्डीतकी श्रीमतीले पनि पासो लगाई प्राण विसर्जन गरेको इतिहासअनुसार यस गाउँलाई महारानी थान रहन गएको हो। मनोकाक्षा पूरा हुने विश्वासका कारण महारानीथानमा पूजाआजा र दर्शन गर्न आएका बेनीकी कल्पना बरुवालले बताउनुभयो।

# कांग्रेसको क्रियाशील सदस्यता अद्यावधिक गर्ने 'जरा अभियान' सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

नेपाली कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिक गर्ने 'जरा अभियान' आजदेखि सुरु गरेको छ। पार्टीका सभापति गगनकुमार थापाले काठमाडौं महानगरपालिका-३० मा आफ्नो सदस्यता अद्यावधिक गर्दै अभियानको शुभारम्भ गर्नुभएको हो । अभियानको सुरुआत गर्दैउहाँले सक्नेले यस अभियानमा सहयोग गर्न र नसक्नेले असहयोग नगर्न आग्रह गर्नुभएको छ।

"मैले पार्टी सभापतिका रूपमा भनेँ, एउटा सोचका साथ म आएको छु, यो काम सम्पन्न गर्ने हो, सक्नेले मलाई सहयोग गर्नुहोला, नसक्नेले कृपया मलाई असहज अवस्था सृजना नगरिदिनुहोला । कोही साथीहरू विशेष कारणले गर्दा आफ्नो ठाउँमा जान नसक्ने हुनुहोला, कोही नेपालबाहिर हुनुहुन्छ होला, कोही अशक्त हुनुहुन्छ, पार्टीले यो परिस्थिति बुझेको छ, त्यस्ता साथीहरूका लागि हामी विशेष व्यवस्था गर्छौं", सभापति थापाले भन्नुभयो।

क्रियाशील सदस्यताका सम्पूर्ण विषयका लागि 'डिजिटलाइज' गरिएको जानकारी दिँदै उहाँले सदस्यता अद्यावधिकरणका काममा सम्पूर्ण साथीहरूको सहयोग आवश्यक पर्ने बताउनुभयो। सभापति थापाले पार्टीका जिम्मेवार व्यक्तिहरूले नबुझेका विषयका बारेमा पार्टी कार्यालय आएर महामन्त्रीसँग बुझ्न आग्रह गर्दै बाहिर अनावश्यक चर्चा नगर्न आग्रह गर्नुभयो। "जिम्मेवार साथीहरू कुरा बुझ्नुभएको छैन भने पार्टीको केन्द्रीय कार्यालय आई दिनुहोला, बाहिर कुरा काट्ने, हाम्रो क्रियाशील सदस्यता खाइदियो भनेर अनावश्यक ढङ्गले कोलाहल मच्चाइदिने काम नगर्नुहोला", उहाँले भन्नुभयो।

क्रियाशील सदस्यता अद्यावधिक गर्ने र पार्टीलाई पुनःर्संगठित गर्ने यस अभियानलाई कांग्रेसले जरा अभियानका रूपमा घोषणा गरेको छ। सङ्गठनलाई व्यवस्थित, सुदृढ र अद्यावधिक बनाउने उद्देश्यले सुरु गरिएको जरा अभियान वैशाख मसान्तसम्म सञ्चालन हुने सभापति थापाले जानकारी दिनुभयो। यस अभियानअन्तर्गत देशभरका क्रियाशील सदस्यहरूलाई समयमै सदस्यता नवीकरण तथा अद्यावधिक गर्न पार्टी सभापति थापाले आग्रह गर्नुभएको छ। पार्टीको सदस्यता अद्यावधिक गर्न आफ्नो वडामा आफैं जानुपर्ने बाध्यकारी व्यवस्था गरिएको छ। विगतमा अरूले नै सदस्यता नवीकरण गरिदिने प्रवृत्तिका कारण सदस्यहरू सक्रिय र जिम्मेवार नभएकाले आफ्नो सदस्यता नवीकरण आफ्नो ठाउँमै गएर गर्नुपर्ने व्यवस्था गर्न लागेको कांग्रेस पार्टी सभापति थापाले जानकारी दिनुभयो । पार्टीले यसलाई सङ्गठन सुदृढीकरण र अनुशासन मजबुत बनाउने महत्वपूर्ण कदमका रूपमा लिएको जनाएको छ। 'एकमहिने जरामा जाऊँ अभियान' मार्फत कांग्रेसले डिजिटल 'कांग्रेस आइडी' अनिवार्य गर्ने, क्रियाशील सदस्यता वडामै अद्यावधिक गर्ने, नयाँ सदस्यता वितरण गर्ने र नागरिक संवाद गर्ने लक्ष्य राखेको छ। कांग्रेसले पुराना क्रियाशील सदस्यहरूको सदस्यता अद्यावधिकका लागि फारम भर्नुपर्ने, फोटो खिच्नु पर्ने प्रावधान लागू गर्ने तयारी गरेको छ। सबै क्रियाशील सदस्यहरूको वयक्तिक विवरण सङ्कलनका लागि कांग्रेसले सदस्यता अद्यावधिकका क्रममा फारम भर्ने, फोटो खिच्ने अनिवार्य प्रावधान गर्न लागेको हो। कांग्रेसले नयाँ सदस्यता वितरणमा विधानको व्यवस्था प्रभावकारी ढङ्गले लागू गर्ने, नयाँ सदस्यता 'अनलाइन' माध्यमबाट खोल्ने, नयाँ व्यक्ति सदस्य बन्नका लागि सजिलो प्रावधानहरू राख्ने आन्तरिक तयारी गरेको छ। कांग्रेसले उक्त अभियानका क्रममा क्रियाशील सदस्यता अद्यावधिक गर्न जाँदा 'ओटिपी' नम्बर अनिवार्य लिन र अनिवार्य फोटो खिचाउन सबैमा आग्रह गरेको छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८, सेरा गाहाते सडकमा कलभर्ट निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सेरा गाहाते सडकमा कलभर्ट निर्माण
ठेगानाः पोखरा-१८
योजना सम्पन्न भएको मितिः २०८२/११/२५ गते
योजनाको कुल लागतः रु. ११,११,८९०.८३
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,११,८९०.८३
उपभोक्ता समिति अध्यक्षः रुद्र प्रसाद तिमिल्सिना
सम्पर्क नं.: ९८५६०६९२२२

**सेरा गाहाते सडकमा कलभर्ट निर्माण**
**उपभोक्ता समिति पोखरा-१८**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८, मोटाहा पोखरी समिको रुखसम्म बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः मोटाहा पोखरी समिको रुखसम्म बाटो ढलान
ठेगानाः पोखरा-१८
योजना सम्झौता मिति : २०८२/१०/१५ गते
योजना सुरु हुने मितिः २०८२/१०/१५ गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/१५ गते
योजनाको कुल लागतः रु. ८,८९,३९०.१४
महानगरपालिकाबाटः रु. ८,००,०००।-
जनसहभागिताबाटः रु. ८९,३९०.१४
उपभोक्ता समिति अध्यक्षः किस्न थापा क्षेत्री
सम्पर्क नं.: ९८१३०७५६३३
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**मोटाहा पोखरी समिको रुखसम्म बाटो ढलान**
**उपभोक्ता समिति पोखरा-१८**